नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | राजविराज दैनिक | स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक २२५ | २०७७ साल चैत २८ गते शनिबार (10 Apr. 2021 Saturday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**


**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


*यस अंक भित्र :* २ पृष्ठमा : निर्वाचनमा जानुपर्ने ... ३ पृष्ठमा : कुर्था-जयनगर रेल ... ३ पृष्ठमा : पाकिस्तानका प्रधानमन्त्रीद्वारा ...


# पत्रकार महासंघ सप्तरीमा गोलाप्रथाबाट कार्की सदस्यमा चुनिए

**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

नेपाल पत्रकार महासंघ सप्तरीको कार्यसमिति सदस्यमा गोलाप्रथाबाट प्रेस मञ्च र प्रेस चौतारी गठबन्धनका उम्मेदवार खगेन्द्र कार्की चुनिएका छन् ।

बिहीबार सम्पन्न मतगणनाका क्रममा प्रेस युनियन र प्रेस संगठन गठबन्धनका उम्मेदबार रामनारायण यादव र बिन्दु यादव तथा प्रेस मञ्च र प्रेस चौतारी गठबन्धनका गंगाप्रसाद साह र खगेन्द्र कार्कीले बराबर ४४/४४ मत ल्याएका थिए ।

यस सम्बन्धमा शुक्रबार निर्वाचन समितिले दुबै पक्षका उम्मेदवारलाई राखेर गोलाप्रथाबाट नतिजा टुङ्ग्याएको हो । सदस्य चयनका लागि गरिएको गोलाप्रथामा कार्कीले बाजी मारे ।

यस अघि बिहीबारै सभापति पदमा प्रेस युनियन र प्रेस संगठन गठबन्धनका उम्मेदवार श्रवण देव बिजयी भएका छन् । उनी निकटत्तम प्रतिद्वन्दी मनोहर पोखरेल भन्दा ७ मत बढी ल्याएर सभापति पदमा देव बिजयी भएका हुन् ।

त्यस्तै उपाध्यक्षमा बैद्यनाथ यादव, महिला उपाध्यक्षमा अम्बिका दाहाल, सचिवमा रामनारायण विश्वास, सहसचिवमा चन्दन यादव, समावेशी सहसचिवमा गोपालप्रसाद गुप्ता र कोषाध्यक्षमा नवीनकुमार गुप्ता निर्वाचित भए । दलित सदस्यमा राजकुमार पासवान, महिला सदस्यमा रश्मी झा, आदिवासी जनजाती सदस्यमा कृष्णा मण्डल, मधेशी सदस्यमा परिष कर्ण तथा खुल्ला सदस्यहरुमा दिनानाथ यादव, राजेन्द्र मिश्र, विद्ययानन्द राम निर्वाचित भएका हुन् ।

यसैगरि राष्ट्रिय परिषद् सदस्यमा ढमला भट्राई, मनोजकुमार माझी र सुखराम यादव निर्वाचित भए भने प्रदेश परिषद् सदस्यमा अरुण कुमार तिवारी, शिवनारायण साह, देवेन्द्र मिश्र, रामअधिन साह, बृजमान तामाङ, दिनेश शर्मा र बिन्दु भट्राई बिजयी भए ।

# बहुबिबाह मुद्दाका फरार प्रतिवादी पक्राउ पछि कैद भुक्तानका लागि कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

बहुविवाह मुद्दाका फरार एक प्रतिवादीलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको महदेवा गाउँपालिका वडा नं. ५ का दिपेन्द्र दास रहेका छन् ।

रानी देवी दासको जाहेरीको आधारमा २०७५ चैत २५ गते सप्तरी जिल्ला अदालतको फैसलाले दिपेन्द्र कुमार दासलाई एक बर्ष कैद र दश हजार जरिवाना तोकिएको थियो ।

प्रहरीका अनुसार फैसला भएकै मितिले उनी फरार रहेकोमा ईलाका प्रहरी कार्यालय हनुमाननगरको प्रहरी टोलीले बिहीबार घरबाटै पक्राउ गरेको हो ।

पक्राउ परेका दासलाई सप्तरी जिल्ला अदालतमा उपस्थित गराएर कैद भुक्तानको लागी राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।




# दुई मोटरसाइकल ठोकिदा एकको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

सप्तरीमा बिहीबार राती दुई मोटरसाइकल एकआपसमा ठोकिदा एक जनाको जयान गएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार बिहीबार राती ९ बजेतिर सप्तरीको शम्भुनाथ सडकखण्डमा स.६प. ५२४३ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा स.८प. ७३३० नम्बरको मोटरसाइकलमा सवार सप्तरीको खडक नगरपालिका ९ बस्ने ३५ वर्षिय मो. अनवर अलीको ज्यान गएको हो ।

सोही मोटरसाइकलमा सवार अर्का एक जना गम्भिर घाइते भएको तथा उनको बिराटनगरमा उपचार भइरहेको मृतकका परिवारजनले जनाएका छन् ।

अलीको उपचारका लागि अस्पतालतर्फ लैजादै गर्दा बाटोमै मृत्यु भएको प्रहरी नायब उपरिक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए ।

यता ठक्कर दिने मोटरसाइकल र चालकलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# देउवाद्वारा आफ्नो नेतृत्वको सरकार बनाउने प्रस्ताव

**दैनिक समाचारदाता**
**काठमाडौं, २७ चैत ।**

नेपाली कांग्रेसले नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी समक्ष आफ्नो नेतृत्वमा सरकार बनाउने प्रस्ताव राखेको छ ।

बिहीबार काठमाडौंमा सम्पन्न बैठकमा माओवादी केन्द्र सकारात्मक भएपनि जसपाले छलफल गर्न समय माग गरेकाले कुनै सहमति हुन सकेन् ।

बुढानीलकण्ठस्थित देउवा निवासका बसेको बैठकमा देउवाले कांग्रेसको नेतृत्वमा नयाँ सरकार बनाउने पार्टी केन्द्रीय कार्यसमितिको निर्णय जानकारी गराएका थिए ।


*बाँकी अन्तिम पृष्ठमा*



# हार्दिक बधाई एवं शुभकामना




नेपाल पत्रकार महासंघ सप्तरी शाखाको सम्पन्न निर्वाचनबाट अध्यक्षमा श्रवणकुमार देव, उपाध्यक्षमा बैद्यनाथ यादव, महिला उपाध्यक्षमा अम्बिका दाहाल, सचिवमा मनारायण विश्वास, सहसचिवमा चन्दन यादव, समावेशी सहसचिवमा गोपाल प्रसाद गुप्ता, कोषाध्यक्षमा नवीनकुमार गुप्ता लगायत निर्वाचित सम्पूर्ण कार्यसमि पदाधिकारीहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि. राजविराज ८**

# निर्वाचित पदाधिकारीलाई महाधिवेशनबाट हटाउन सकिने : नेता नेपाल

काठमाडौँ, २७ चैत (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता माधवकुमार नेपालले पार्टीका निर्वाचित पदाधिकारीलाई महाधिवेशनबाट मात्र हटाउन सकिने बताउनु भएको छ ।

नेकपा (एमाले) मोरङ जिल्ला कमिटीद्वारा शुक्रबार विराटनगरमा आयोजित अगुवा कार्यकर्ता भेला पार्टी एवं पुनर्गठन कार्यक्रममा उहाँले वर्तमान पार्टी नेतृत्वले आफूखुशी कमिटी गठन, बैठक र विस्तार गर्ने गरेकाले यसलाई सच्याउनुपर्नेमा जोड दिनुभयो ।

पूर्वप्रधानमन्त्री नेपालले नेतृत्वका कारण कार्यकर्ताहरुको मनोबल खस्केको आरोप लगाउँदै कम्युनिष्ट आन्दोलन जोगाउन पार्टी जिल्ला अभियानको दौडाहामा लागेको जानकारी दिनुभयो ।

उहाँले पार्टीका ६५ जिल्लामा कमिटी पुनर्गठन भइसकेको जानकारी दिँदै चाँडै ३२ भ्रातृ सङ्गठनको राष्ट्रिय भेलाको आयोजना गरी जनताको पार्टीप्रतिको आशा एवं विश्वास जगाउने कार्य भइरहेको बताउनुभयो ।

कार्यक्रममा युवा नेताहरु जगन्नाथ खतिवडा, जीवन घिमिरे, धनेन्द्र बस्नेत, डा देउमान सम्वाहाम्फे र महेश रेग्मीलगायतले पार्टी विधि, विधान र सिद्धान्तअनुसार सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो । सोही अवसरमा नेता नेपालले चन्द्रवीर राईको अध्यक्षतामा ३२५ सदस्यीय मोरङ जिल्ला कमिटी र पारुल क्षेत्रको अध्यक्षमा १७५ सदस्यीय विराटनगर महानगर कमिटी पुनर्गठन गर्नुभयो ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan) NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# निर्वाचनमा जानुपर्ने अवस्था आउनसक्छ : सभापति देउवा

काठमाडौँ, २७ चैत (रासस) ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मुलुकको वर्तमान परिस्थितिलाई निकास दिन निर्वाचनमा जानुपर्ने अवस्था आउनसक्ने बताउनुभएको छ ।

नेपाल निजामती कर्मचारी युनियन (सङ्घ) केन्द्रीय कार्यसमितिद्वारा आयोजित राष्ट्रिय भेला तथा विधान अधिवेशनको आज यहाँ उद्घाटन गर्दै कांग्रेस सभापति देउवाले निर्वाचन बाध्यता हुनसक्ने बताउनुभयो । "सरकार गठन भए ठीकै भयो, भएन भने निर्वाचनमा जानुपर्ने हुन सक्छ, निर्वाचन बाध्यता हुन सक्छ । पार्टीको सरकार भएन भने पनि देशको निर्वाचन तथा पार्टीको अधिवेशनमा लाग्नुपर्नेछ । वर्तमान सरकारको विकल्प पनि खोज्नुपर्ने छ, यी दुवै काम प्राथमिकतामा छन्", उहाँले भन्नुभयो ।

वर्तमान सरकारको विकल्प खोज्ने गरी सत्ता समीकरणको चर्चा चलिरहेका बेला कांग्रेस सभापति देउवाको यस्तो भनाइ आएको हो । सत्ता साझेदारीका विषयमा सरकारमा सहभागी नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी नेकपा ( माओवादी केन्द्र) तथा प्रतिपक्षमा रहेको जनता सामाजवादी पार्टीबीच छलफल चलिरहेको छ । यी तीन दलको बैठक आजै अपराह्न बस्दैछ ।

सरकार हटाउन पार्टीले सक्रियता नदेखाएको भन्ने पार्टीका नेताको भनाइप्रति लक्षित गर्दै कांग्रेस सभापति देउवाले वास्तविकताको धरातलमा उभिएर अघि बढ्न पार्टी पङ्क्तिलाई निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, "अहिलेको वास्तविकता बुझिदिनुस्, संसद्मा सङ्ख्या कम छ, दुई पटक बैठक बोलाउन प्रयास गरेकामा सङ्ख्या नै नपुगेर स्थगित भयो । नेपालको संविधानअनुरुप एक चौथाइ सदस्यले संसद् बोलाउन पनि हामीसँग सङ्ख्या पुग्दैन, त्यसैले यो गरेन त्यो गरेन भनेर नेतृत्वलाई आरोप मात्रै लगाएर हुन्न ।"

सोही कार्यक्रममा कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले वर्तमान सरकारलाई हटाएर नयाँ सरकार गठनको प्रक्रियामा कांग्रेस अल्मलिनुहुन्न भन्ने भनाइप्रति प्रतिप्रश्न गर्दै सभापनि देउवाले अहिले परिस्थिति अनुकूल नभएको र जनताको घरदैलोमा पुगेर जनमत बनाएपछि सरकार बन्ने तर्क गर्नुभयो । "जनताले पत्याएपछि कांग्रेस सरकारमा आइहाल्छ नि, जनता देशको मालिक हो, जनताको दिल जित्ने गरी मत मागौँ माहोल बनाऊ", सभापति देउवाले भन्नुभयो ।

कांग्रेस सभापति देउवाले आफू प्रधानमन्त्री हुन लालायित नरहेको भन्दै अगाडि थप्नुभयो, "म आफैँ प्रधानमन्त्री हुनुपर्छ भन्ने छैन, वास्तविक धरातलमा बसेर काम गर्नुपर्छ, अहिले परिस्थिति अनुकूल छैन, मैले मै प्रधानमन्त्री हुनुपर्छ भनेको छैन, व्यक्ति खडा गरौँ पार्टीको सिद्धान्त र आदर्शसँग कसैसँग सम्झौता गर्दिन ।"

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका कांग्रेस सभापति देउवाले व्यवस्था अस्तव्यस्त बनाउन वर्तमान प्रधानमन्त्री उद्यत रहेको आरोप लगाउँदै यस किसिमका गलत प्रवृत्तिका विरुद्ध एकजुट हुन पनि आह्वान गर्नुभयो । उहाँले निजामती ऐन खारेज गरेर कर्मचारी अनुकूल बनाउनेतर्फ आफ्नो पार्टीले सक्दो पहल गर्ने आश्वासन दिनुभयो ।

कार्यक्रममा वरिष्ठ नेता पौडेलले तत्कालै निर्वाचनभन्दा पनि वर्तमान सरकारलाई हटाएर निर्वाचनको माहोल बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "पार्टीको अधिवेशन नभएको बेलामा चुनावमा हाम फाल्नु हुन्न, लोकतन्त्रलाई बचाउन हामी आफैँले लोकतान्त्रिक आचरण देखाउनुपर्‍यो, चुनाव चुनाव हैन सत्ताको विकल्प खोजिनुपर्छ ।"

वरिष्ठ नेता पौडेलले पहिला पनि नेपाल कम्युनिष्ट पार्टी विभाजित भएको अवस्थामा कांग्रेसले सरकारको नेतृत्वको अवसर गुमाएको र अहिले पनि चुनौतीको अवस्था रहेको उल्लेख गर्नुभयो । "एउटा अवसर अस्तिनै (संसद् पुनः स्थपना हुनुपूर्वको परिस्थिति) गुमाइसकेका छौँ, फेरि पनि जोखना हेरेर बस्दा टाउको समातेर रुनुपर्ने अवस्था आउनसक्छ, त्यसैले व्यवस्था बचाउनुपर्छ, सत्ता आफैँ आउँछ", उहाँले भन्नुभयो ।

उहाँले निजामती प्रशासनलाई दलको झण्डाभन्दा सेवामुखी भावनाका साथ व्यवस्थित र पारदर्शी बनाइनुपर्नेमा जोड दिनुभयो ।

कांग्रेस उपसभापति विमलेन्द्र निधिले अहिलेको परिस्थितिमा कांग्रेस नेतृत्वमा सरकार बन्ने अवस्था नरहेकाले मुलुकमा ढिलो चाँडो निर्वाचन हुने हुँदा त्यस दिशातर्फ पार्टीलाई सक्रिय ढङ्गले परिचालन गरिनुपर्ने खाँचो औंल्याउनुभयो । महामन्त्री डा शशाङ्क कोइरालाले वर्तमान सरकारलाई नहटाएसम्म कांग्रेसको पक्षमा माहोल नबन्ने भन्दै आगामी निर्वाचन कांग्रेसको पक्षमा पार्न पनि अहिलेको सरकारको विकल्प खोज्नुपर्ने बताउनुभयो । पार्टीका प्रवक्ता विश्वप्रकाश शर्माले वर्तमान सरकारले दल विभाजित भएको अवस्थामा जनमत गुमाएको भन्दै सरकारको विकल्प दिएर मुलुकलाई आर्थिक समृद्धिको दिशामा अघि बढाउनुको विकल्प नरहेको बताउनुभयो ।

केन्द्रीय सदस्य गगनकुमार थापाले सरकारले निजामती प्रशासनलाई अस्तव्यस्त बनाएको टिप्पणी गर्दै सरकारको विकल्प दिएर मुलुकलाई निर्वाचनतर्फ लैजानुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा युनियन (सङ्घ)का अध्यक्ष गोपालप्रसाद पोखरेल, वरिष्ठ उपाध्यक्ष सुरेन्द्र अधिकारी, पूर्वअध्यक्ष सुबोधकुमार देवकोटालगायतले सरकारले भेदभावपूर्ण र एकलौटीरुपमा कर्मचारी सरुवा बढुवा गरेको आरोप लगाउँदै संसद्मा विचाराधीन रहेको सङ्घीय निजामती सेवा ऐन कर्मचारी हितअनुकूल नरहेकाले खारेज गरिनुपर्ने माग गर्नुभयो ।

जिल्ला विभागीय अध्यक्ष एवं आधिकारिक ट्रेड युनियनका अध्यक्षहरू र विधान प्रतिनिधिको दुईदिने भेला तथा अधिवेशनले निजामती प्रशासनलाई निष्पक्ष, क्षमतावान् र प्रभावकारी बनाएर जनताको सेवालाई प्रभावकारी बनाउने दिशामा आगामी रणनीति तय गर्ने आयोजकले जनाएको छ । सो अवसरमा निजामती सेवामा समर्पित भई जनमुखी प्रशासनमा भूमिका खेलेको भन्दै सङ्गठनका पूर्वनेतृत्व, जिल्ला अध्यक्षलगायतलाई सम्मान गरिएको थियो ।

# राष्ट्रपतिबाट विभिन्न महानुभावलाई मानपदवी, अलङ्कार र पदकबाट सुशोभन

काठमाडौँ, २७ चैत (रासस) ।

राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका महानुभावलाई आज राष्ट्रपति भवन शीतल निवासमा आयोजित समारोहमा विभिन्न मानपदवी, अलङ्कार र पदकबाट सुशोभन गर्नुभएको छ ।

विभूषित हुनेमा महाउज्ज्वल राष्ट्रदीप प्रथम श्रेणीबाट स्व मदनमणि दीक्षित, पूर्वमन्त्री स्व रवीन्द्रप्रसाद अधिकारी, सुप्रसिद्ध प्रबल जनसेवा श्री (प्रथम) बाट प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, चिकित्सक प्रा डा दिव्यासिंह शाहलगायत हुनुहुन्छ । यस्तै सुप्रसिद्ध प्रबल जनसेवाश्री (प्रथम) बाट चिकित्सक डा सन्दुक रुइत, प्रसिद्ध प्रबल जनसेवाश्री ( द्वितीय) बाट सर्वोच्च अदालतका न्यायाधीश दीपककुमार कार्की, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त नवीनकुमार घिमिरे, प्रधानसेनापति पूर्णचन्द्र थापालगायत हुनुहुन्छ ।

नेपालको संविधानको धारा २७७ को उपधारा १ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा विभूषण प्रदान गरिदै आएको छ । विभूषित हुनेहरूको सूची गृहमन्त्रालयको वेबसाइटमा समावेश गरिएको छ । गत वर्ष विभूषण समितिको सिफारिसमा मानपदवीतर्फ महाउज्जवल राष्ट्रदीप प्रथम श्रेणीबाट दुई, सुप्रसिद्ध प्रबल जनसेवाश्री प्रथम श्रेणीबाट सात, उज्जल कीर्तिमय राष्ट्रदीप द्वितीय श्रेणीबाट एक, प्रसिद्ध जनसेवाश्री द्वितीय श्रेणीबाट एक, सुकीर्तिमय राष्ट्रदीप तृतीय श्रेणीबाट नौ, सुप्रबल जनसेवाश्री तृतीयबाट ११२, कीर्तिमय राष्ट्रदीप चतुर्थ श्रेणीबाट आठ, प्रबल जनसेवाश्री चतुर्थबाट २००, जनसेवाश्री प्रथमबाट ११०, अलङ्कारतर्फ १५५ र पदकतर्फ २८ गरी ६३३ लाई विभूषित गरिने घोषणा भएको थियो ।

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०७६ का अवसरमा २०७६ भदौ ३१ को निर्णयबाट विभूषण प्रदानका लागि ४५० लाई घोषणा गरिएकामा कोभिड-१९ का कारण कार्यक्रम हुन नसकेका कारण सुशोभन हुन नसकेकालाई पनि आजै सुशोभन गरिएको छ । आज बाँकी रहेकालाई आउँदो वैशाख १ गते सुशोभन गरिनेछ ।

विभूषण ऐन, २०६४ को दफा ४ बमोजिम उपप्रधानमन्त्री ईश्वर पोखरेलको अध्यक्षतामा गृहमन्त्री रामबहादुर थापा, तोकिएका विज्ञ र गृहसचिव महेश्वर न्यौपाने सदस्यसचिव रहेको विभूषण समितिको बैठकले उक्त सिफारिस गरेको हो । गृहमन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाका अनुसार समितिमा प्रा डा मीना वैद्य, प्रा डा इन्द्रजीत राई, कलाकार हरिहर शर्मा, इञ्जिनीयर काशेन्द्रप्रसाद यादव, उपरथी विनोदकुमार श्रेष्ठ सदस्य रहनुभएको थियो ।

# कुर्था-जयनगर रेल सञ्चालन गर्ने कानूनको अभाव

काठमाडौँ, २७ चैत (रासस)।

कुर्था-जयनगर रेलमार्गमा अरु सबै किसिमका तयारी पूरा भए पनि कानूनको अभावका कारण सो रेल सेवा शुरु हुन सकेको छैन।

भारत सरकारको आर्थिक सहयोगमा निर्माण भएको सो रेलमार्ग गत आर्थिक वर्षमा नै सम्पन्न भएको थियो। सो खण्डमा सञ्चालनका लागि सरकारले खरिद गरेको रेल छ महिना पहिले आइपुगेको थियो। रेल आएपछि सञ्चालनका लागि आवश्यक जनशक्ति र अरु प्राविधिक तयारी गरिएको नेपाल रेल्वे कम्पनी प्रालिका महानिर्देशक गुरु भट्टराईले बताउनुभयो। उहाँले भन्नुभयो, "कानून बनेपछि तुरुन्त नै रेल चलाउन सकिनेछ।" आवश्यक जनशक्ति र इञ्जिन ल्याउनका लागि भारत सरकारसँग सम्झौता भइसकेको कम्पनीले जनाएको छ। कानून नआउँदासम्म इञ्जिन ल्याउन नमिल्ने भएकाले ल्याउन नसकिएको उहाँले जानकारी दिनुभयो। रेलमार्गमा आवश्यक कतिपय जनशक्ति भारतबाट ल्याउनुपर्नेमा भारतीयसँग सम्झौता भइसकेको छ। उहाँले भन्नुभयो, "उनीहरू आउन तयार छन्, हामीले चाहिने भएपछि तत्काल ल्याउन सकिन्छ।"

सरकारले कुर्था-जयनगर रेल सञ्चालनका लागि प्राविधिक तयारी पूरा गरिसकेको छ। भारतीय कम्पनी कोनकोन कम्पनीबाट रेल सेट खरिद गरिएको थियो। कम्पनीसँगको समन्वयमा प्राविधिक कर्मचारी २६ जना ल्याउन लागिएको छ। त्यसमा पाइलट, स्टेशन मास्टर, पावर म्यानेजर, सिनियर ट्राफिक म्यानेजरलगायतका रहने कम्पनीले जनाएको छ। नेपाली कर्मचारी र अरु प्राविधिक तयारी अवस्थामा रहेको महानिर्देशक भट्टराईले बताउनुभयो। रेल र कम्पनीका सामग्री सुरक्षाको जिम्मेवारी सशस्त्र प्रहरीको हुने बताइएको छ।

रेल नियमित सञ्चालनका लागि नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्तरुपमा उद्घाटन गर्ने गरी छलफल भइरहेको कम्पनीले जनाएको छ। भाडादर र टिकटको विषयमा यसअघि नै टुङ्गो लागिसकेको महाप्रबन्धक भट्टराईले बताउनुभयो। भाडादरका विषयमा कम्पनीले मन्त्रालयमा प्रस्ताव गरिसकेको छ। बसलगायतका अरु सवारीसाधनको भाडादरमा चलाउन तयारी गरिएको उहाँले बताउनुभयो। सामान्य सिटमा ३५ किमी रेलमार्ग यात्रा गर्न रु ७५ भाडादर तोकिएको छ। उहाँले भन्नुभयो, "डिलक्सको भाडा सामान्यभन्दा चारपाँच गुणा बढी हुनेछ।"

कम्पनीले रेलमार्गमा काम गर्नै जनशक्तिलाई दुई साताको तालीम दिइने महाप्रबन्धक भट्टराईले बताउनुभयो। उहाँका अनुसार रेलको महत्व बुझाएर कुनकुन सामग्रीको सुरक्षा आवश्यक छ भनी बुझाउनुपर्छ। अहिले कामदार छनोटमा पहिले काम गरेकालाई प्राथमिकता दिइएको छ। तत्काल काम शुरु गर्न ती व्यक्तिलाई तयारी अवस्थामा राखिएको उहाँले बताउनुभयो। रेल सञ्चालनपछि त्यस क्षेत्रका जनता र व्यापारीलाई यातायातमा सहज हुने अपेक्षा गरिएको छ। अहिले पनि सवारी साधन सञ्चालन भइरहेकामा रेलले यातायातमा अझै सुविधा दिनेछ। सरकारले उक्त रेलमार्ग बर्दिवाससम्म पुग्ने र पूर्वपश्चिम रेलमार्ग पनि बर्दिवास जाने भएकाले त्यहाँ पुगेर जोड्ने योजना लिएको छ।

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको सो रेलमार्ग सञ्चालनका लागि गत असोज २ गते दुई सेट डेमो ट्रेन आएको थियो। सो रेलमा एक हजार २०० देखि एक हजार ३०० सम्म यात्रु बसेर र उभिएर यात्रा गर्न सक्ने रेल विभागले जनाएको छ। यात्रुबाहक रेल भएकाले यात्रुको झोला र सामान्य सामान मात्रै राख्न सकिनेछ। नेपालमा राणाकालमा विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगञ्ज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो। लामो समय अवरुद्ध उक्त रेलमार्ग पुनः शुरु गर्न लागिएको हो। कूल ३५ किमी लम्बाइमा रेल सञ्चालन हुनेछ। कुर्थादेखि विजुलपुरासम्म थप १७ किमी रेलमार्ग निर्माण अन्तिम चरणमा पुगेको छ। विजलपुरासम्म गरी ५२ किमीमा छिट्टै रेल सञ्चालन हुने विभागले जनाएको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| विगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### पाकिस्तानका प्रधानमन्त्रीद्वारा डी-८ सदस्य राष्ट्रहरुलाई आग्रह

इस्लामावाद, २७ चैत (रासस/सिन्ह्वा)।

पाकिस्तानका प्रधानमन्त्री इमरान खानले डी-८ समूहका सदस्य राष्ट्रहरुलाई कोभिड-१९ को खोपलाई थप सर्वसुलभ बनाउन आग्रह गर्नुभएको छ।

सो समूहको बिहीबार आयोजित भर्चुअल सम्मेलनमा उहाँले सो आग्रह गर्नुभएको बताइएको छ। उहाँले हाल विश्वका कतिपय देशमा भ्याक्सिन राष्ट्रियता स्थापना गर्न खोजिएको जस्तो देखिएको पनि टिप्पणी गर्नुभयो।

प्रधानमन्त्री खानले सो भर्चुअल सम्मेलनमा भन्नुभएको थियो- विश्वमा अहिले भ्याक्सिनजस्तो अति आवश्यकताको वस्तुको उपलब्धताका बारेमा अझ बढी कुरा उठाउनुपर्ने अवस्था आएको पनि बताउनुभएको थियो।

उक्त समूहको १०औँ सम्मेलनमा पाकिस्तानी प्रधानमन्त्री खानले कोभिड-१९ का विरुद्धमा हाल विश्वमा प्रयोगमा आइरहेको खोपको उपलब्धतालाई अझ सरल र विश्वमा अति आवश्यकताको वस्तुका रुपमा सबैले पाउनुपर्ने बताउनुभयो।

यस कार्यका लागि डी-८ जस्तो समूह र यसका सबै सदस्य देशहरुले भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले कोभिडका कारणले विश्वको अर्थतन्त्र गम्भीर अप्ठेरो अवस्थामा पुगेकाले त्यसलाई पुनः प्राप्तिका लागि पनि यस समूहले भूमिका खेल्नुपर्ने बताउनुभयो। त्यसका अतिरिक्त विश्वका कतिपय देशमा यो खोपको उपलब्धता निकै कमजोर भएकाले यस समूहका सदस्यहरुले औषधि जस्तो विषय विश्वका सबै देशका नागरिकले पाउन सकून् भनेर त्यस बारेमा लाग्नुपर्ने धारणा राख्नुभयो।

उहाँले विश्वमा हाल कोभिडका कारणले ह्रास भएको अर्थतन्त्रका कारण धेरै क्षेत्रमा प्रभाव पारिरहेको पनि बताउनुभयो। त्यसका लागि पनि यो डी-८ समूहले ध्यान दिनुपर्ने बताउनुभएको थियो। डी-८ समूहमा बङ्गलादेश, पाकिस्तान, टर्की, इजिप्ट, इन्डोनेसिया, इरान, मलेसिया र नाइजेरिया सदस्य रहेका छन्। बिहीबार आयोजना गरिएको १०औँ सम्मेलनको आयोजक राष्ट्र बङ्गलादेश रहेको थियो।

### भारतमा एकै दिनमा एक लाख ३२ हजार सङ्क्रमित

नयाँ दिल्ली, २७ चैत (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या दिनप्रति दिन तीव्र रुपमा बढ्दै गएको छ।

पछिल्ला केही दिनदेखि दैनिक एक लाखभन्दा बढी सङ्क्रमित भएका छन्। दिन प्रतिदिन दैनिक सङ्क्रमितको सङ्ख्या अहिलेसम्मकै सवैभन्दा धेरै हुँदै गएको छ। यो सङ्ख्या अहिले बढेर झण्डै एक लाख ३२ हजारमा पुगेको छ।

स्वास्थ्य मन्त्रालयका अधिकारीहरुले शुक्रबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टा एक लाख ३१ हजार ९६८ पुगेको हो। भारतमा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या एक करोड ३० लाख ६० हजार ५४२ पुगेको अधिकारीहरुको भनाइ छ।

यही हप्ता दैनिक सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा बढी पुगेको शुक्रबार चौथो पटक हो। यसअघि गत सोमबार एक लाख तीन हजार ५५८ जना सङ्क्रमित भएका थिए भने बुधबार एक लाख १५ हजार ७३६ जना सङ्क्रमित भएका थिए।

त्यसैगरी बिहीबार एक लाख २६ हजार ७८९ जना कोरोना भाइरसबाट सङ्क्रमित भएको तथ्याङ्क मन्त्रालयले सार्वजनिक गरेको थियो।

भारतमा पछिल्लो २४ घण्टामा ७८० जनाको मृत्यु भएको छ भने अहिलेसम्म कूल मृतकको सङ्ख्या एक लाख ६७ हजार ६४२ पुगेको छ।

मन्त्रालयका अनुसार भारतमा अहिले पनि नौ लाख ७९ हजार ६०८ जना सङ्क्रमित अवस्थामै रहेका छन्। त्यसैगरी कूल एक करोड १९ लाख १३ हजार २९२ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएको मन्त्रालयको तथ्याङ्क छ।

### अफगानिस्तानमा तीन सैनिक र २० लडाकू मारिए

फैजावाद, २७ चैत (रासस/सिन्ह्वा)।

अफगानिस्तानमा थप २० जना तालिवान लडाकू र तीन सुरक्षाकर्मी मारिएका छन्। सरकारी सुरक्षाकर्मीहरुले चलाएको सुरक्षा कारवाहीका क्रममा उनीहरुको मृत्यु भएको अधिकारीहरुले शुक्रबार जनाएका छन्। देशको उत्तरी क्षेत्रमा पर्ने बडाख्शान प्रान्तमा बिहीबार राति घटना भएको हो। "हतियारधारी विद्रोही लडाकूहरुले शुहादा, जुर्म र वार्दोज जिल्लामा रहेका सुरक्षाचौकीमा बिहीबार मध्यरातमा आक्रमण गरेका थिए", एक सुरक्षा अधिकारीले भने। लडाकूहरुले आक्रमण गरेपछि सुरक्षाकर्मीहरुले पनि प्रत्याक्रमण गरेको र केही समय भिडन्त भएकाले दुवैतर्फ क्षति भएको उनीहरुको भनाइ छ। देशको पहाडी क्षेत्रमा भएको घटनामा परी अरू १० लडाकू र पाँच सैनिक घाइते पनि भएको अधिकारीहरुले जनाएका छन्।

# लघु उद्यमी सृजना तथा बिकासका लागि बिपन्न परिवारलाई ब्यवसाय तालिम



**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

लघु उधमी सृजना तथा बिकासका लागि ब्यवसाय सचेतना तथा तालिम एवं लैगिक तथा समावेशीकरण सम्बन्धी ८ दिने तालिम सम्पन्न भएको छ ।

राजबिराज वडा नं. १५ स्थित देउरी भरूवामा आयोजित ब्यवसाय लघु उधमी कार्यक्रमले गरिब, बिपन्न महिलालाई ब्यवसाय तर्फ उन्मुख गराउन उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो ।

सो अवसरमा राजविराज नगरपालिकाका उपप्रमुख साधना झाले ब्यवसाय सचेतना तथा लैंगिक तथा सामाजिक समाबेशीकरण तालिमले उद्यमी छनोट गरी आर्थिक रूपमा कमजोर भएका परिवारलाई आत्मनिर्भर गरी आयआर्जन गर्न ठुलो सहयोग पुग्ने बिश्वास ब्यक्त गरिन् ।

राजबिराज नगरपालिका योजना अधिकृत मनोज यादबले उद्यम तालिमले गरिबी, बिपन्न परिवारलाई आर्यआर्जन गरी महिलाले स्वयम आत्मनिर्भर बनाउन तालिमको उपयोग गर्नुपर्नेमा जोड दिए ।

राजबिराज नगरपालिकाको आयोजनामा संचालित गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम (मेडपा) राजबिराज नगरपालिका वडा नम्वर १५ देउरी भरूवा र मुसहरनियाका २१ जना महिलालाई सिलाई कटाई र तरकारी खेती ब्यबसायको लागि तालिम दिएको उद्यम बिकास सहजकर्ता कमली शर्माले बताईन ।

राजबिराज वडा १५, १२, ११, ९ र वडा नम्वर १ मा उद्यमी सृजनाका लागि उद्यमी ब्यवसायी सम्बन्धी कार्यक्रम संचालनमा रहेको शर्माले बताईन ।

सो अवसरमा राजबिराज वडा नं. १५ का वडा अध्यक्ष रामप्रसाद यादब, राजबिराज नगरपालिका योजना अधिकृत मनोज कुमार यादब, नेपाल पत्रकार महासंघका सहसचिव चन्दनकुमार यादब लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

## देउवाद्वारा ...

प्रधानमन्त्री केपी शर्मा ओली सर्वसत्तावादी भएको र राज्यसत्ता कब्जा गर्न खोजेको र यस्ता सरकारले लोकतान्त्रिक चुनाव गराउन नसक्ने भन्दै देउवाले कांग्रेसको नेतृत्वमा तीन दलको सरकार बनाउने प्रस्ताव राखेका थिए ।

जसपा नेताहरुले नयाँ सरकार गठनबारे पार्टीमा छलफल गर्न समय चाहिने बताएका छन् । जसपा अध्यक्ष महन्थ ठाकुरसहित नेताहरुले मुद्दा फिर्ता, बन्दीहरुको रिहाइ लगायतका मुद्दा पनि रहेको बताए । यसबारे प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि कुराकानी भइरहेको र केही विषय कार्यान्वयन प्रक्रियामा गएको ठाकुरले जानकारी दिए ।

बैठकमा माओवादी केन्द्रका नेताहरुले नयाँ सरकार गठन गर्ने कांग्रेसको प्रस्तावको स्वागत गरेका छन् । प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गरेको र निरंकुशतातिर जान खोजेकाले नै आफूहरुले संविधान र लोकतन्त्रको रक्षा गर्न चाहने शक्तिहरुको सरकार बनाउन चाहेको भन्दै उनीहरुले कांग्रेसको निर्णयको स्वागत गरेका हुन् ।

बैठकमा कांग्रेसका सबै पदाधिकारी थिए भने माओवादी केन्द्रबाट अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डका साथै नेताहरु नारायणकाजी श्रेष्ठ र देव गुरुङ थिए । जसपाबाट संघीय परिषद्का अध्यक्ष डा. बाबुराम भट्टराई, अध्यक्षद्वय ठाकुर र उपेन्द्र यादव, वरिष्ठ नेताहरु राजेन्द्र महतो, अशोक राई र राजेन्द्र श्रेष्ठ सहभागी थिए ।

# वडा स्तरिय बालमैत्री स्थानिय शासन सम्बन्धी अभिमुखिकरण सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

राजबिराज नगरपालिकालाई बालमैत्री स्थानिय शासन घोषणाको लागि राजबिराज वडा ४ मा बालमैत्री स्थानिय शासन सम्बन्धी अभिमुखिकरण आयोजना गरेको छ ।

राजबिराज नगरपालिकाको सहयोगमा तथा हाम्रो नेपाल सहयोगी संस्थाले शुक्रवार आयोजना गरेको बालमैत्री शासन सम्बन्धी तालिमको आयोजना गरेको हो ।

बालबालिका बचाऊ, संरक्षण, बालअधिकार र अर्थपुर्ण, बालसहभागिता सहितको अधिकार सहितको सुचकहरू बारेमा सहजिकरण गरिएको सहजकर्ता निता गौतमले जानकारी दिईन ।

सो अवसरमा राजबिराज नगरपालिकाका उपप्रमुख साधना झाले वालविवाह समाजकको बिकृती रूपमा रहेकोले बालविवाह मुक्त गरि समतामुलक समाज निर्माण गर्न सबै एकजुट लगानुपर्नेमा जोड दिइन् । वालविवाहले राम्रो दाम्पदय जीवन बन्न नसक्ने बताउदै उनले वालविवाहको जीवन परिवारमा राम्रो ब्यबस्थापन नभएको कारण यसले परिवारमा हिंसा निम्त्याउने उल्लेख गरिन् ।

बालवालिकाको सम्पुर्ण अधिकारलाई सुरक्षित गरी बालवालिकालाई सबै ठाउमा सहभागिता सहितको सुचक पूरा गरि नगरलाई चाडै बालमैत्री स्थानिय शासन घोषणा गर्ने राजबिराज नगरपालिका सुचना अधिकारी मनोज यादबले बताए ।

सो अवसरमा राजबिराज नगरपालिका उपप्रमुख साधना झा, योजना अधिकृत मनोज यादब, वडा सचिव ओमप्रकाश साह, पत्रकार चन्दन यादबलाई हाम्रो नेपाल सहयोगी संस्थाका अध्यक्ष बब्लु खानले सम्मान गरेका थिए ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिंङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np